जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- १४, २०८२ कात्तिक १३ गते विहीबार, 30 Oct 2025, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-



सिप र शिक्षा एकै थलोमा

○ सहीखबर संवाददाता

मकवानपुर । जीन्दगी खुला किताब हो। पाठ्यपुस्तक परिधिको ज्ञान/सिकाइले प्रतिष्पर्धात्मक युगमा संवम छैन । दक्ष र सक्षम हुनको लागि ज्ञानसँगै सिकाइ पनि अपरिहार्य छ ।

विद्यालयले दिने शिक्षामा सिकाइ पनि हुने हो भने जीवनमा स्वाबलम्वि बन्नको लागि कलियो आधार बन्न सक्छ । यो सवालमा विद्यालयहरूले पनि सोच्नु पर्छ । यस्तो कल्पनालाई हेटौंडा उपमहानगरपालिका १८, हर्नामाडी स्थित मकवानपुर बाल विद्या सदनले आफ्ना विद्यार्थीलाई पाठ्यक्रमका साथै सिपमूलक ज्ञान पनि दिने गरेको छ ।

यो विद्यालयका केही ब्लक बाँसका भाटाले बनाइएको छ । विद्यालय परिसरको बिचमा सामान्य ३ तले भवन छ, जहाँ अधिकांश कक्षाकोठा छन् । उक्त भवनको दक्षिणातर्फ बाँसले बारेको एक तले भवन छ, जसमा ३ वटा कोठा छन् । विद्यालय भवन अघिल्तिर चौर छ भने केही भागमा खेती गरिँदै आएको छ ।

यो विद्यालयले शिक्षाको पर म्परागत परिभाषालाई नै चुनौती दिएको छ । मकवानपुर बाल विद्या सदन केवल अक्षर र अङ्क सिकाउने केन्द्रमात्र होइन, यो एउटा जीवन्त प्रयोगशाला हो, जहाँ विद्यार्थीहरुले आफ्नो जरालाई सम्मान गर्न र भविष्यलाई अँगाल्न एकसाथ सिक्छन् ।

यहाँका विद्यार्थीले पाठ्यपुस्तकको ज्ञान त लिन्छन् नै, परालको गुन्द्री बुन्नेदेखि रोबोटको कोडिङ पनि सिक्छन् । फोहोर कागजबाट निमन्त्रणा कार्ड बनाउने कलादेखि आत्मनिर्भरताको आयाम सिकाइन्छ । जीवन उपयोगी सिप र सांस्कृतिक पहिचानको महत्व पनि सानै उमेर देखि विद्यार्थीलाई सिकाउने गरिएको प्रधानाध्यापक सुदीपराज गिरीले बताए ।

विद्यालयले परम्परागत नेपाली कला र आधुनिक प्रविधिलाई एउटै पाठ्यक्रममा समेटेर विद्यार्थीहरुको सर्वाङ्गीण विकासमा जोड दिएको छ ।

हालै दसैँ तिहारको बिदाको अवसरमा विद्यालयले आयोजना गरेको 'स्किल क्याम्प' मार्फत विद्यार्थीहरुमा सिजनशीलतासँगै सिप र कला सिकाइएको छ । हरेक वर्ष विद्यालयले उक्त बिदाको समय सदुपयोग गर्दै विद्यार्थीलाई परम्परागत कला सिप र आधुनिक प्रविधिमा अग्रसर गराउँदै आएको छ । उक्त क्याम्पले विद्यार्थीलाई सिर्जनशील बनाउने अवसर प्रदान गरेको प्रधानाध्यापक गिरीले बताए ।

एकातिर विद्यार्थीहरुले परालको गुन्द्री, खोस्टाको चकटी र सालको पातको टपरीजस्ता परम्परागत नेपाली सामग्रीहरु बनाएर आफ्नो संस्कृति सिकेका छन् भने अर्कोतिर स्वचालित डस्टबिन, दृष्टिविहीनहरुका लागि उपयोगी सेन्सर जडित छडी, वेदर स्टेसन र ग्यास चुहावट पत्ता लगाउने अलार्म जस्ता आधुनिक उपकरणहरु निर्माण गरेर आफ्नो वैज्ञानिक सोच र क्षमता प्रदर्शन गरेका छन् ।

'एक कक्षा, एक सिप', सिक्ने र कमाउने कला

विद्यालयले 'एक कक्षा, एक सिप' को अवधारणालाई आत्मसात् गरेको छ । विद्यार्थीहरुले मैनबत्ती बनाउने, फोहोर कागजबाट नयाँ कागज तयार गरी निमन्त्रणा कार्ड बनाउने जस्ता सिप सिकेका छन् ।

विद्यालय परिसरभित्रै विद्यार्थीहरुले धान, मकै र आलुको अग्र्यानिक खेती पनि गर्छन् । गुन्द्री र चकटी बुन्न आवश्यक पर्ने पराल र खोस्टा विद्यालय परिसरमै गरिएको खेतीबाट जुटाइन्छ । अझ विद्यार्थीहरुले रोपेको धानबाट उत्पादित चामल उनीहरुकै खाजामा प्रयोग हुन्छ र विद्यालयमा आउने अतिथिहरुलाई कोसेलीको रुपमा प्रदान गरिन्छ ।

व्यावहारिक क्रियाकलापले विद्यार्थीहरुको पढाइप्रतिको रूचि बढाएको विद्यालयका शिक्षक मीनप्रसाद सज्जेलको भनाइ छ । उनका अनुसार, किताबमा पढेका कुराहरुलाई आफ्नै हातले प्रयोग गरेर बनाउन पाउँदा सिकाइ र माइलो र अर्थपूर्ण बनेको छ ।

प्रधानाध्यापक गिरीका अनुसार, कक्षाकोठाको ज्ञानलाई व्यवहारमा उतार्नु नै यस्ता कार्यक्रमहरुको मुख्य उद्देश्य हो । विद्यार्थीलाई जिम्मेवार, आत्मनिर्भर र सिर्जनशील बनाउन उक्त कार्यक्रमहरुले मद्दत पुगेको उनले बताए ।

'विद्यार्थीहरुलाई बिउ पुँजी दिएर मैनबत्ती बनाउने सिप सिकाउने काम भएको छ । मैनबत्ती उत्पादनदेखि विक्री वितरण तथा सो विषयको नाफाघाटा समेत निर्धारणको काम गरिएको छ,' उनले भने, 'पाठ्यक्रममा जोडेर हामीले मैनबत्तीको सिप सिकाइरहेका छौं ।

विद्यार्थीहरुले उक्त कार्यक्रमका लागि ३ समूह बनाएर काम गर्दै आएका छन् । उत्पादन,प्याकेजिङ र बजारीकरणको काममा समूह बनाएर काम गर्दै आएका छन् ।'

कक्षा ४/५ बाट उक्त कार्यक्रममा प्रत्यक्ष रुपमा संलग्न गराइएको प्रधानाध्यापक गिरीले बताए । साना कक्षाका विद्यार्थीलाई कक्षा कोठामै सिप सिकाउने काम भइरहेको उनको भनाइ छ ।

कक्षा ४ र ५ लाई फोहोर व्यवस्थापन, कक्षा ६, ७ लाई चकटी र गुन्द्री बुन्ने, कक्षा ८ लाई मैनबत्ती र कक्षा ९ लाई रोबटिक्स सिकाउँदै आएको उनले जानकारी दिए । विद्यार्थीलाई सिपको सुरूवातदेखि त्यसको अन्तिम उत्पादन र व्यवस्थापन समेत सिकाइएको उनले बताए ।

बागमती प्रदेशसभा बैठक कात्तिक तेस्रो साता

○ सहीखबर संवाददाता

मकवानपुर । लामो समयदेखि बस्न नसकेको बागमती प्रदेशसभाको बैठक कात्तिक तेस्रो साता बस्ने तयारी भइरहेको छ।

प्रदेशका उपसभामुख अप्सरा चापागाईंका अनुसार छठ पर्वलगत्तै प्रदेशसभाको बैठक बोलाउने तयारी भइरहेको छ। प्रदेशसभा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरूसँग प्रदेशसभाको बैठक आह्वान गर्ने विषयमा छलफल भइरहेको उनले बताए। राजनीतिक दलका नेताहरूसँग परामर्श भइरहेको र उनीहरूसँगको परामर्श पश्चात प्रदेशसभाको बैठकको मिति तय हुने उपसभामुख चापागाईंको भनाइ छ।

सम्भवत: कात्तिकको तेस्रो साताितर बैठक बोलाउने गरी छलफल अघि बढेको उनले बताए। प्रदेशसभाको सभाहल जेनजी प्रदर्शनका क्रममा तोडफोड र आगजनीबाट ध्वस्त भएपछि हेटौंडा उपमहानगरपालिका□३ स्थित मुख्यमन्त्री कार्यालयको सभाहलबाट बैठक सञ्चालन गर्ने गरी प्रदेश सरकारले तयारी थालिएको छ ।

तत्कालका लागि अस्थायी रूपमा मुख्यमन्त्री कार्यालयको नवनिर्मित सभाहलबाट बैठक सञ्चालन गर्ने गरी प्रदेश सरकारले तयारी थालेको हो। जेनजी प्रदर्शनका क्रममा क्षतिग्रस्त बनेको सो हललाई सामान्य मर्मत गरेर प्रदेशसभा सञ्चालन गर्ने तयारी भइरहेको प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले जानकारी दिए।

'अहिले सो भवनलाई मर्मत सम्भार, सरसफाइ र व्यवस्थापनको काम भइरहेको छ', सचिव पौडेलले भने, 'सो सभाहलमा रङ्ग लगाउने, फर्निचर व्यवस्थापनसँगै विद्युतीकरणको काम पनि तीव्र रूपमा भइरहेको छ।' सम्भवत: छिट्टै काम सकिने र त्यसपछि बैठकमा बस्ने तयारी भइरहेको उनको भनाइ छ। हाल सो सभाहलको भौतिक पूर्वाधार मन्त्रालयको सहयोगमा सहरी विकास तथा भवन कार्यालयले सरसफाइ र रङगरोगनको काम अघि बढाएको छ।

बैठक सञ्चालनका लागि आवश्यक पर्ने फर्निचर र अन्य प्राविधिक सामग्री तत्कालका लागि भाडामा लिएर वा अस्थायी रूपमा व्यवस्थापन गर्ने तयारी गरिएको सचिव पौडेलले बताए। आगजनीबाट जोगिएका केही ल्यापटप, डेक्सटप कम्प्यूटरबाट काम सुरू गरिएको उनले बताए।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं ।

● सहीखबर साप्ताहिक

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

धान भण्डारण गर्दा ख्याल गरौं

कृषि प्रधान देश नेपालको धान हाम्रो मुख्य अन्नबाली हो। अहिले धान भण्डारणको समयमा सुरू भएको छ । यसको राम्रो भण्डारणले किसानको मिहिनेत जोगाउन सकियो भने देशको खाद्य सुरक्षा कायम राख्न सकिन्छ। खेतबाट भित्र्याएको धानमा चिसोपना धेरै भयो भने ढुसी र किरा लाग्ने सम्भावना हुन्छ, त्यसैले भण्डारण अघि राम्ररी सुकाउनु जरूरी छ। धान राख्ने कोठा वा गोदाम सफा, सुक्खा र मुसा किरा नछिर्ने हुनुपर्छ। पुरानो, घुनकिरा लागेका बाँकी अन्न हटाएर मात्रै नयाँ धान राख्नुपर्छ। गाउँघरमा प्रयोग हुने मुढो वा भकारी उपयोगी हुन्छन् यदि तिनीहरु हावाबन्द र सफा राखिए भने आधुनिक तरिकामा प्लास्टिकको हावाबन्द बोरा वा धातुको कन्टेनर पनि राम्रो विकल्प हुन्।

धानको भण्डारणमा परम्परागत र आधुनिक दुबै उपायहरु उपयोगी छन्। धानमा किरा नलागोस् भनेर नीमका पात, तोरीको तेल वा धूपजस्ता प्राकृतिक उपाय प्रयोग गर्न सकिन्छ। साथै, धान भण्डारणपछि हप्तामा एकपटक जाँच गरी किरा वा गन्ध आएको छ कि भनेर हेर्नुपर्छ। धानको उत्पादन जत्तिकै यसको भण्डारण पनि महत्वपूर्ण हुन्छ। उचित व्यवस्थापन र सावधानी अपनाएमा किसानको मिहिनेत सुरक्षित रहन्छ र देश खाद्य स्वावलम्बी बन्छ। धान भण्डारणमा सधैं ख्याल गरौं, ताकि हाम्रो भकारी भरिपूर्ण रहोस्। अर्को महत्वपूर्ण पक्ष हो, धान भण्डारणका समयमा नियमित निगरानी। हप्तामा एकपटक धान हेर्ने, गन्ध आएको छ कि छैन, किरा चलेको छ कि छैन भनेर जाँच्नुपर्छ।

समस्याको सुरूवाती अवस्थामा सचेत भएर उपाय गरियो भने ठूलो क्षति हुनबाट बच्न सकिन्छ। प्रत्येक किसान, सहकारी र निकायले धान भण्डारणका वैज्ञानिक तरिकाहरुको प्रयोग गर्नुपर्छ। सरकारी निकायहरुले पनि भण्डारणका तालिम र प्राविधिक सहयोग विस्तार गर्नुपर्ने समय आएको छ। धानको सही संरक्षण हाम्रो परि श्रमको सुरक्षा हो। त्यसैले, धान भण्डार गर्दा सधैं सावधानी अपनाऔं ।

जेन-जी विद्रोहपछिको नेपाली समाज

अतिष ओझा

राजनीतिक नेता र तिनका परिवारको विलासी जीवनशैली देखेर टिकटक र रेडिटमा नेपाली जेन जीले एउटा सामान्य प्रश्न सोधे, 'हामीले तिरेको करको पैसा कहाँ जान्छ ?' त्यसकै उत्तर खोज्न जेन जीले भदौ २३ को बिहान माइतीघर मण्डल निस्किने उद्घोष गरे ।

आवरणमा सामान्य देखिए पनि यो लोकतन्त्रको आधारभूत प्रश्न थियो । र, नागरिक अधिकारको विश्वव्यापी मान्यता 'नो द्यायाक्सेसन विदआउट रिप्रेजेन्टेसन' अर्थात् नागरिकको प्रतिनिधित्वबिना कर लगाउन नपाउने सिद्धान्तसँग गाँसिएको युवा उत्सुकता पनि थियो ।

संसदीय चुनावमार्फत प्रतिनिधि गए पनि नागरिकको भावना र आकांक्षाको वास्तविक प्रतिनिधित्व भएन भन्ने असन्तुष्टि थियो जेन जीमा । अनि नागरिकले के र कसका लागि कर तिर्ने भन्ने जवाफको खोजी पनि थियो त्यो । सँगै सामाजिक सञ्जाल बन्द गरेर सरकारले किन नागरिकको आवाज बन्द गर्न खोजिरहेको भन्ने आक्रोश पनि थियो । आवरणमा जेन जीले भदौ २३ मा खोजेको यत्ति थियो ।

तर, जवाफदेहिता र उत्तरदायित्व सत्ताको शब्दकोशबाटै धेरै अघि हराइसकेको रहेछ । तत्कालीन सत्ताले शान्तिपूर्ण प्रदर्शन गरिरहेका निहत्था युवा विद्यार्थीको निधार र छातीमा गोली प्रहार गर्दै जवाफ दियो । फलस्वरुप भदौ २४ को बिहान जेन जी मात्रै सडकमा उत्रिएनन्, सिंगै देश उत्रियो सत्ताविरूद्ध विद्रोहको आगो लिएर । राज्यसत्ताले नागरिकलाई 'इनफ इज इनफ' अर्थात् अब अति भयो भन्ने अवस्थामा पुग्याएकै कारण यो विद्रोह भएको हो ।

विश्लेषक भन्छन् यो विद्रोह सजिलैसँग भयो । र, २७ घण्टामै सत्ता ढल्यो । तर, यत्ति छोटो समयमै जति मानवीय र भौतिक क्षति भयो, त्यो वास्तविकता स्वीकार गर्न सजिलो छैन । करिब एक महिना बितिसक्दा यो विद्रोह सबैभन्दा जटिल र कठिन मोडमा आइपुगेको छ । यसका सामुन्ने दुई निर्मम प्रश्नहरु छन् खासमा यो विद्रोहमा के भयो ? तत्काल पूरा नभएका जेन जीको माग अब के हुन्छ ?

पहिलो प्रश्नका सन्दर्भमा सत्ताले बाटो बिरायो भने नागरिकको प्रत्यक्ष हस्तक्षेपमा सत्ता परिवर्तन सम्भव छ भन्ने ऐतिहासिक सन्देश विद्रोहले दिएको छ । विद्रोहकै कारण तत्कालीन प्रधानमन्त्रीले पद त्याग गर्न बाध्य भए । र, प्रतिनिधिसभा विघटन भयो । सत्ताको परम्परागत संरचनामा बलियो धक्का लाग्यो । यद्यपि एउटा सरकार परिवर्तन र संसद् विघटन मात्रै यो विद्रोहको लक्ष्य थिएन । सडक र सामाजिक सञ्जालमा उठेका प्रश्नहरु संरचनात्मक सुधार, राजनीतिक उत्तरदायित्व र नागरिक सर्वोच्चताको अभ्यासतर्फ केन्द्रित थिए ।

अन्तरिम नागरिक सरकार गठन, स्वतन्त्र न्यायिक छानबिन आयोगको स्थापना र पहुँचका भरमा कानुनी प्रक्रियाबाट बचेका राजनीतिक नेतामाथि कारबाहीको सुरूवात हेर्दा यो विद्रोहले नयाँ लोकतान्त्रिक अभ्यास आरम्भ गर्ने छनक दिएको छ । यो विद्रोहले राजनीतिक चेतनाको नयाँ युग पनि उद्घाटित गरेको छ । विद्रोहपछि देखिएको राजनीतिक बहसले स्पष्ट संकेत गरिसकेको छ । विश्वविद्यालय, सामाजिक सञ्जाल, स्थानीयस्तर र नागरिक समाजमा अब युवा नेतृत्व सक्रिय भइसकेको छ ।

यस विद्रोह दौरान शासकीय स्वरुप परिवर्तन र संविधान संशोधनका मुद्दासमेत सतहमा आए । कार्यपालिका विस्थापित भएर व्यवस्थापिका विघटन भइसक्दा न्यायपालिकामा मने पुरानो सत्ताको अवशेष कायमै छ । संवैधानिक आयोग र कर्मचारीतन्त्रमा विद्रोहले तत्काल केही गर्न सकेको छैन । संवैधानिक र न्याय परिषद्लगायतका निकायमा पुराने सत्तालाई पोस्ने संरचना बाँकी नै छ ।

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको आदेश सुन्न सिक्नुपर्नेछ । संविधान र कानुनलाई राजनीतिक नेता र आसपासका व्यक्तिको सुरक्षा कवचका रुपमा प्रयोग गर्न छोड्नुपर्नेछ । नागरिक समाजले हिजोजस्तै सत्ता नजिकको मौनता होइन, सत्य नजिकको जोखिम रोज्ने हिम्मत देखाउनुपर्नेछ । सञ्चारमाध्यमले सन्तुलनका नाममा झूटलाई मान्यता दिएर यथास्थितिको पैरवी गर्ने दिन रहेन ।

जेन जी विद्रोह यी सबैविरूद्ध समेत थियो । संसारका अन्य देशमा विद्रोहीले सत्ता कब्जा गरेर संविधान, कानुनी प्रणाली र सिंगो राज्य प्रणाली नै विस्थापित गरिदिएका उदाहरण छन् । तर, नेपालको जेन जी विद्रोहमा त्यो भएन । नेपालको संविधानअन्तर्गतकै राष्ट्रपतिसँग विद्रोहीले वार्ता गरे र यही संविधानअन्तर्गत नयाँ प्रतिनिधिसभाको चुनाव गराउने सहमति भयो । यसैकारण अब तत्काल संविधान संशोधन हुन असम्भव छ । अध्यादेशमार्फत अन्य कानुन संशोधन र सुशासनका कदमबाट आउन सक्ने परिवर्तनको ढोका भने खुले छ ।

अब के ?

जेन जीले खोजेका परिवर्तन विशाल छन्, विराट छन् । अब जेन जीले खोजेको संवैधानिक परिवर्तन कार्यान्वयन गराउने एक मात्रै बाटो चुनाव हो । तर, विद्रोहमा ७६ जनाको बलिदानी एक थान चुनावका लागि मात्रै भएको होइन । केका लागि हो ? त्यो कार्यान्वयन गराउने बाटो नै चुनाव हो । चुनाव साध्य होइन, साधन हो । जेन जीले जे परिवर्तन चाहेको छ, चुनावी एजेन्डा बनाएर जनताबाट अनुमोदन गराउने हो । नागरिक सर्वोच्चता स्थापना गराउनका लागि अब चुनावको विकल्प छैन ।

संसदीय संरचना, प्रशासनिक प्रक्रिया, न्यायिक प्रणाली र डिजिटल अधिकार यी सबै नागरिक सर्वोच्चताको अभ्याससँग जोडिएका छन् । जनता सचेत, संगठित र सक्रिय रहे भने सरकार मात्रै होइन, पुराना राजनीतिक र प्रशासनिक संरचना पनि सुधिन बाध्य हुनुपर्छ । यही चेतना जेन जी विद्रोहपछिको नेपालमा नयाँ राजनीतिक र सामाजिक रुपान्तरणको आधार बन्दै छ । अब नेपाल जेन जी विद्रोह पहिले र पछि गरी इतिहासको दुई भागमा बाँडिएको छ ।

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको आदेश सुन्न सिक्नुपर्नेछ । संविधान र कानुनलाई राजनीतिक नेता र आसपासका व्यक्तिको सुरक्षा कवचका रुपमा प्रयोग गर्न छोड्नुपर्नेछ । नागरिक समाजले हिजोजस्तै सत्ता नजिकको मौनता होइन, सत्य नजिकको जोखिम रोज्ने हिम्मत देखाउनुपर्नेछ । सञ्चारमाध्यमले सन्तुलनका नाममा झूटलाई मान्यता दिएर यथास्थितिको पैरवी गर्ने दिन रहेन ।

लेखक, विश्लेषकले जेन जीलाई केवल भावनात्मक आवेग, भीडको उन्माद वा अन्य कसैको चलखेल भन्ने विश्लेषण गरेर अहिलेको युगसँग असंगत विचार व्यक्त गरिरहेको प्रमाण सुरक्षित रहनेछ । यो पुस्तालाई केवल प्रतिक्रियात्मक ठानेर विद्रोहको राजनीतिक अर्थ, मूल्यमान्यता र दिशालाई अपव्याख्या गर्नेहरु इतिहासको गलत धारमा उभिन तयार हुनुपर्नेछ । जेन जीसहितका सबै युवाले भोलि पर्खनुको साटो आजै निर्णायक हस्तक्षेपको आँट गर्नुपर्नेछ ।

इकान्तिपुरबाट

सहीखबर

समाचार/स्वास्थ्य

www.saheekhabar.com

२०८२ कात्तिक १३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

अन्नपूर्णको पेरिफेरी

○ आरपी गुरागाई

कास्की । अन्नपूर्ण हिमालको आधार शिविर (दक्षिण ४१३० मिटर) एउटा अवस्मरणीय पदयात्रा गर्न सकिने स्थान हो ।

सिजनको समयमा दैनिक ४०० देखि ५०० जना आधार शिविर पुग्ने गरेका छन् । कास्कीको अन्नपूर्ण गाउँपालिकाको वडा नम्बर ११ घान्द्रुकको अधिकांस भाग यो क्षेत्रमा परेको छ ।

मिर्नुडाडा (१७५० मिटर) बाट सुरू हुने पदयात्रामा छोमरोङ, तल्लो सिनुवा, माथिल्लो सिनुवा, बम्बो (दक्कदयय), दोभान, माथिल्लो दोभान, हिमालय, देउराली (३२०० मिटर), माछापुच्छे बेश क्याम्प (३७०० मिटर) हुँदै अन्नपूर्ण बेश क्याम्प (४१३० मिटर) पुग्न सकिन्छ ।

पदयात्राको सुरूदेखि नै माछापुच्छे हिमाल (६९०० मिटर) र अन्नपूर्ण हिमाल (८०९१ मिटर) लाई अबलोकन गर्दै जान सकिन्छ भने यात्रामा हिमालबाट बगेको खोला, झरना, जङ्गलको प्राकृतिक आनन्द भर पुर लिदै गर्न सकिने छ ।

पचहत्तर वर्षअघि जुन ३ अर्थात जेठ २० गते फ्रान्सेली पर्वतारोही मौरिस हर्जोग नेतृत्वको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेको थियो ।


हर्जोग सँगै लुइस लचेनल र दुई नेपाली शेर्पासमेत चार जनाले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरे सँगै हिमाल आरोहणको युगको सुरूवात भएको थियो ।


अन्नपूर्ण क्षेत्र प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको हो ।

कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिन्छ ।

आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवा सुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट गन्तव्य मानिन्छ ।







सहीखबर

फिचर/सहीवार्ता

२०८२ कात्तिक १३ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

पर्यटकको पर्खाइमा हात्तीसार

मकवानपुरको भीमफेदीमा रहेको राणाकालीन हात्तीसार सङ्ग्रहालय संरक्षण र प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ। सङ्ग्रहालयमा बेलायती महारानी एलिजावेथ र जंगबहादुर राणाले प्रयोग गरेका ऐतिहासिक हौदा सुरक्षित छन्। सङ्ग्रहालयलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न स्थानीय सरकार र प्रदेश सरकारले योजना बनाउनुपर्ने देखिन्छ।

○ सहीखबर संवाददाता

मकवानपुर । कुनै समय मकवानपुरको भीमफेदीलाई काठमाडौं उपत्यकाको एकमात्र प्रमुख प्रवेशद्वारको रुपमा चिनिन्थ्यो । तराई र राजधानीलाई जोड्ने मुख्य सेतुको रुपमा रहेको यो बजार राणाकालमा निकै व्यस्त र महत्त्वपूर्ण मानिन्थ्यो ।

त्रिभुवन राजपथ बन्नुअघि पैदलयात्रीहरुको घुइँचो लाग्ने, उनीहरु बास बस्ने र व्यापारिक चहलपहल हुने यो ठाउँ ऐतिहासिक रुपमा निकै समृद्ध थियो । यही ऐतिहासिक भूमिको काखमा नेपालको एक विशिष्ट तर ओझेलमा परेको सम्पदा छ राणाकालीन हात्तीसार सङ्ग्रहालय ।

भीमफेदी गाउँपालिका ६ मा अवस्थित यो सङ्ग्रहालय सामान्य भवनमात्र होइन, जसले नेपालको एक महत्त्वपूर्ण कालखण्डको जीवन्त इतिहास बोकेको छ । यो नेपालको राजतन्त्रात्मक र राणाकालीन इतिहासको एक जीवन्त सम्पदा हो । यस सङ्ग्रहालयले नेपालका राजाहरु, राणाहरु र विदेशी पाहुनाहरु सिकारका लागि तराईका घना जङ्गलमा जाने समयको कथा बोल्छ ।


कुनै समय राणा प्रधानमन्त्री, शाहवंशीय राजाहरु र तत्कालीन बेलायती महारानी एलिजावेथ द्वितीयजस्ता विशिष्ट व्यक्तिहरुको सिकार तथा भ्रमणको साक्षी बनेको यो स्थल अहिले भने पर्यटकको पर्खाइमा सुनसान प्राय: छ । संरक्षण र संवर्द्धन तथा प्रचारप्रसारको अभावमा यो ऐतिहासिक सम्पदा ओझेलमा परेको हो ।

हेटौंडाबाट करिब ३५ किलोमिटर उत्तरतर्फ भीमफेदी गाउँपालिका ६ मा रहेको यो सङ्ग्रहालय करिब ३० रोपनी क्षेत्रफलमा फैलिएको छ । यो सङ्ग्रहालयमा ४७ वटा ऐतिहासिक हौदा (हात्तीको पिठ्युँमा राखेर बस्ने आसन) सुरक्षित राखिएका छन् । ती हौदाले पद र ओहोदाअनुसारको तत्कालीन सामाजिक संरचनालाई पनि झल्काउँछन् । विशिष्ट व्यक्ति, भाइ भारदार, सुसारे र सिपाहीले प्रयोग गर्ने अलग अलग हौदा, काँठी र गद्दाहरुले त्यसबेलाको रहनसहन र शक्तिको प्रमाण दिन्छन् ।

यी हौदा साधारण छैनन् । यहाँ सिकार खेल्ने मुख्य व्यक्तिले प्रयोग गर्ने 'सिकारी हौदा', सुरक्षामा खटिने भारदारहरु बस्ने 'भारदारी हौदा' र खानपिनको व्यवस्था गर्ने सहयोगीहरु बस्ने 'सुसारे हौदा' जस्ता विभिन्न प्रकार का हौदा छन् । यसले तत्कालीन समयको सान र व्यवस्थित सिकार प्रणालीलाई उजागर गर्दछ ।

सङ्ग्रहालयको मुख्य आकर्षण भनेको बेलायती महारानी एलिजावेथ द्वितीय र नेपालका प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणाले प्रयोग गरेका हौदा हुन् । सन् १९६१ (वि.सं. २०१७) मा राजा महेन्द्रको निमन्त्रणामा नेपाल भ्रमणमा आउँदा तत्कालीन बेलायती महारानी एलिजावेथले उक्त हौदा प्रयोग गरेर चितवन र पर्साका जङ्गलमा बाघ तथा गैंडाको सिकार गरेकी थिइन् ।

इतिहासमा जानकार एवं मकवानपुरका पुराना लेखक केदार न्यौपानेका अनुसार त्यतिबेला उनीहरुले प्रयोग गरेका ४ वटा सिकारी हौदा आज पनि सुरक्षित छन् । सिकारका अत्यन्त सौखिन मानिने जंगबहादुर राणाले प्रयोग गरेको विशेष पिँजडासहितको हौदा पनि यहाँको अर्को महत्त्वपूर्ण ऐतिहासिक सामग्री हो । महेन्द्र, वीरेन्द्र र ज्ञानेन्द्रसम्मका राजाहरुले पनि चितवन, कोशीटप्पु, शुक्लाफाँटा र बर्दियाका राष्ट्रिय निकुञ्जमा सिकार खेल्न जाँदा यहींबाट हौदा लैजाने गरेको उनले बताए ।



भविष्यको सम्भावना: आकर्षक पर्यटकीय गन्तव्य

२०३९ सालमा मकवानपुरको सदर मुकाम भीमफेदीबाट हेटौंडा सारिएपछि यो ऐतिहासिक बजारको रौनक हराउँदै गयो । तर, यहाँ रहेका चिसापानी गढी, पृथ्वी चन्द्र अस्पतालको पुरानो भवन, भीमसेन मन्दिर र हात्तीसार सङ्ग्रहालय जस्ता ऐतिहासिक धरोहरले भीमफेदीलाई पुन: एक महत्वपूर्ण पर्यटकीय केन्द्रको रुपमा स्थापित गर्ने अपार सम्भावना बोकेका छन् ।

स्थानीय सरकार र प्रदेश सरकारले सङ्ग्रहालय परिसरमा तत्कालीन बेलायती महारानी एलिजावेथ र जंगबहादुर राणाको प्रतिमा, हात्तीको मूर्ति स्थापना गर्ने तथा जीपलाइनजस्ता साहसिक पर्यटकीय गतिविधि सञ्चालन गर्ने योजना बनाएर अघि सर्नुपर्ने न्यौपाने बताउँछन् । सरोकार वाला निकायले ठोस योजनाहरुलाई मूर्त रूप दिई सङ्ग्रहालयको नियमित सञ्चालन, व्यवस्थित प्रचारप्रसार र यहाँको ऐतिहासिक कथालाई रोचक ढंगले प्रस्तुत गर्न सकेमा मात्र पर्यटकका लागि एक आकर्षक गन्तव्य बन्न सक्ने उनको भनाइ छ ।

सङ्ग्रहालयमा केवल पुराना वस्तुहरुको सङ्ग्रहलाई ताल्चामित्र कैद गरेर राख्नु भनेको आफ्नो गौरवशाली विगतलाई बिर्सनुसरह रहेको न्यौपानेले बताए । हात्तीसारको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरेर भावी पुस्ताका लागि नेपालको इतिहासलाई जीवन्त राख्नुपर्ने उनले प्रस्ट पारे ।

प्रचारको अभावमा ताल्चामित्रको इतिहास

ऐतिहासिक महत्त्व बोकेको यो सङ्ग्रहालय आज गुमनामजस्तै छ । यो सङ्ग्रहालय डिभिजन वन कार्यालय, मकवानपुरको रेखदेखमा रहे पनि यसको उचित प्रचारप्रसार र प्रवर्द्धन हुन सकेको छैन ।

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७ बाट यसको संरक्षण र पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न केही प्रयास थाले पनि सफल हुन सकेको थिएन । अतिक्रमणमा परेको जग्गा फिर्ता गराउने, पर्खाल लगाउने, ढुंगा छाप्ने र बगैंचा निर्माण गर्नेजस्ता कामले पूर्णता पाउन सकेको छैन ।

सङ्ग्रहालय अधिकांश समय ताल्चा लगाएर राखिन्छ र कोही अवलोकनकर्ता पुगेमा मात्र खोलिन्छ । यसले गर्दा यहाँसम्म पुग्ने पर्यटकहरु निराश भएर फर्कनुपर्ने अवस्था छ । सङ्ग्रहालयमित्र रहेका हौदा लगायत अन्य सामग्रीहरु (बाघको सिकारमा प्रयोग हुने सेतो कपडा, हात्ती बाँध्ने खम्बा, पुराना काठी र विभिन्न औजारहरु)लाई दयागिङ गरेर संरक्षण गरिए पनि तिनको कथा भन्ने र पर्यटकलाई आकर्षित गर्ने कुनै ठोस योजना देखिँदैन । एक समय तत्कालीन सांसद हिरण्यलाल श्रेष्ठको पहलमा राखिएका एक्युरियम आज प्रयोगविहीन छन् । डिभिजन वन कार्यालयका योजना शाखाका प्रमुख हेम पाठकका अनुसार हाल हात्तीसारमा २ कर्मचारीले संरक्षणको काम गरिरहेका छन् । चितवन राष्ट्रिय निकुञ्जले प्रदेशलाई संरक्षण संवर्द्धनका लागि हतान्तरण गरे लगत्तै २०७६ देखि एक जना माली र एक जना चौकीदार राखेर सुरक्षा तथा संरक्षणको काम गर्दै आएको उनले बताए ।

प्रदेश मातहत ल्याएर डिभिजन कार्यालयबाट सामान्य मर्मत र व्यवस्थापनको कामबाहेक अन्य कुनै योजना कार्यान्वयनमा ल्याउन नसकेको पाठकले प्रस्ट पारे । गोडमेल, फुटेका सामग्रीको व्यवस्थापन तथा चिनारी दर्शाउने पहिचान राख्ने बाहेकका काम गर्न सक्ने अवस्था नरहेको उनको भनाइ छ ।

पाठकका अनुसार प्रदेश सरकारले हाल १ लाख रूपैयाँ बजेट दिएर बगैंचा गोडमेल तथा मर्मतको काम गरिएको छ । पर्यटकीय हिसाबले सञ्चालन गर्न कुनै कानुनी व्यवस्थासमेत नहुँदा अन्योल रहेको उनले बताए । कार्यविधि बनाएर सञ्चालनको मोडालिटीमा केही संरचना तयार गरेर सर्वसाधारणका लागि खुला गर्ने र अध्ययन अनुसन्धानको पाठोमा जान सके उत्तम हुने उनको सुझाव छ ।

'हामीले स्ट्रक्चरको काम गर्न सकेका छैनौं । बजेट हालेर पनि काम गर्ने अवस्था बन्दैन । पुरातत्वको अनुमतिविना कुनै पनि संरचना बनाएर काम गर्ने अवस्था छैन । त्यसैले जुन अवस्था छ, त्यसैमा संरक्षण र व्यवस्थापनको काम गरिएको छ,' पाठकले भने, 'अहिले कोही कसैले चाहेमा खोलेर हेर्न सकिन्छ । अन्यथा बन्द नै राखिएको छ । *रातोपाटीबाट*



बागमती प्रदेशमा पूँजीगतर्फको ६ अर्व बढी बजेट कटौती

○सहीखर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले जेनजी आन्दोलन र विपद्बाट क्षती पुगेका संरचना पुन: निर्माण तथा व्यवस्थापनका लागि पूँजिगत तर्फको बजेट कटौती गरेको छ ।

प्रदेश सरकारले पूँजिगत तर्फका विभिन्न शीर्षकका योजनामा छुट्टाएको बजेट कटौती गरेर जेनजी आन्दोलनको क्षती र विपद् प्रभावित क्षेत्रको व्यवस्थापनमा लगाउने भएको हो ।

वित्तीय अनुशासन कायम गर्दै अनुत्पादक खर्चलाई नियन्त्रण गर्ने उद्देश्यले चालु आर्थिक वर्षको बजेटमा चालुतर्फको ३ अर्व बढी कटौती गरेको प्रदेश सरकारले पूँजिगततर्फको विभिन्न शीर्षकमा उल्लेख्य खर्च कटौती गरेको हो । प्रदेश सरकारले यसअघि नै तालिम, बैठक, भ्रमण भत्ता, प्रोत्साहन तथा पुरस्कारलगायतका ४३ शीर्षकमा ३०, ४० र ५० प्रतिशतसम्म बजेट कटौती गर्ने निर्णय गरेको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार कुल ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रूपैयाँको बजेटबाट चालु तर्फ ३ अर्ब ४७ करोड १३ लाख ३८ हजार रूपैयाँ कटौती हुनेछ । प्रदेशको क्तिीय अनुशासन कायम राख्दै अनुत्पादक खर्चलाई नियन्त्रण गर्ने प्रयास गरिएको मन्त्रालयका प्रवक्ता श्रीकृष्ण आचार्यले बताउए ।

संघीय सरकारले खर्च कटौती र आर्थिक मितव्ययिताका लागि लिएको उक्त निर्णय कार्यान्वयनका लागि अर्थ मन्त्रालयले सबै सरकारी कार्यालयहरूलाई मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न र प्रगति विवरण पठाउन सर्कुलर जारी गरिसकेको छ ।

प्रदेश सरकारले पूँजिगत तर्फको भौतिक पूर्वाधार मन्त्रालयका १० लाख माथिका योजनामा १० प्रतिशत, २० लाख रूपैया माथिका २० प्रतिशत र ५० लाख रूपैयाँ माथिका ३० प्रतिशत बजेट कटौती गरिएको मन्त्रालयले जनाएको छ । अन्य मन्त्रालयहरूमा भने १० लाखभन्दा माथिका सबै योजनाहरूमा समान १० प्रतिशत बजेट कटौती गर्ने तयारी रहेको र कटौतीबाट भौतिक पूर्वाधार क्षेत्रमा मात्रै करिब ६ अर्ब रूपैयाँ बचत हुने अनुमान गरिएको छ ।

बजेट कटौतीको मुख्य कारण 'जेनजी' आन्दोलनका क्रममा भएका क्षतिको पूनर्निर्माण र मर्मत, विपद् व्यवस्थापन र अन्य नियमित दायित्वहरूको भुक्तानीका लागि स्रोत व्यवस्थापन गरिने उनको भनाई । 'पुनर्निर्माण र दायित्व भुक्तानी गर्न पूर्वाधारतर्फको ६ अर्ब बजे कटौती हुन्छ' ।


बागमती प्रदेश सरकाका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार, जेनजी आन्दोलनबाट भएको क्षतिको पुनर्निर्माण, विपद् व्यवस्थापन र मन्त्रालयको पुरानो आर्थिक दायित्व भुक्तानी गर्न स्रोत व्यवस्थापनका लागि बजेट कटौती गरिएको हो । भौतिक पूर्वाधार मा ३० प्रतिशतसम्म कटौती गरेर क्षतीको व्यवस्थापन गर्ने तयारी गरिएको उनले बताए ।

भौतिक पूर्वाधार मन्त्रालयको करिब ४ अर्ब ६५ करोड रूपैयाँ बराबरको पुरानो नियमित दायित्व भुक्तानी गर्नुपर्ने रहेको र उक्त रकम पहिले बजेटमा समावेश नगरिएकाले अहिले स्रोतको अभाव भएको मन्त्री तामाङले बताए । 'जेनजी' आन्दोलनका क्रममा क्षति भएका सरकारी संरचनाहरूको पुनर्निर्माण र विपद् व्यवस्थापनका लागि पनि कटौती गरिएको रकम उपयोग गर्ने सरकारको तयारी रहेको उनको भनाई छ। 'भौतिकतर्फ कटौती गरिएको पैसा भौतिक पूर्वाधार कै काममा जानेछ । विगतमा बजेट बनाउने समयमा अनिवार्य दायित्वको उक्त बजेट छुटेको थियो ।' उनले भने, 'पुनर्निर्माणको काम तीव्र गतिमा, २ वा ३ महिनामा सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको र त्यसमा बजेट खर्च गर्नुपर्ने भएकाले बजेट कटौती गरिएको हो ।' जेनजी आन्दोलनमा क्षति पुगेका संरचनाहरुको पुनर्निर्माण कार्य सुरू भइसकेको र भौतिक पूर्वाधार मन्त्रालयको भवन पुनर्निर्माणका लागि टेन्डर प्रक्रिया अघि बढिसकेको उनले बताए । अन्य प्याकेजहरुको पनि सूचना प्रकाशन गरिएको उनले बताए ।

पुनर्निर्माणका लागि करिब ७१ करोड रूपैयाँ खर्च हुने प्रारम्भिक अनुमान भए पनि टेन्डर प्रक्रियामा जाँदा लागत घट्न सक्ने अपेक्षा गरिएको उहाँले बताउनुभयो । मन्त्रीका तामाङका अनुसार, आगामी दुई देखि तीन महिनाभित्र सबै मन्त्रालयहरू पुराने अवस्थामा फर्किसक्ने छन् ।

जेनजी आन्दोलनको प्रभाव

मकवानपुरका २१ वटा सरकारी कार्यालयमा क्षति



२०८२ भाद्र २४ गते जेनजीद्वारा गरिएको आन्दोलनको क्रममा क्षति भएको सरकारी कार्यालयहरूको विवरण

भवन क्षति विवरण

क.स.	कार्यालयको प्रकार	कार्यालय संख्या	क्षतिको प्रकार			अनुमानित क्षति रकम
			सामान्य	आंशिक	पूर्ण	
१	जिल्लास्थिति सघीय कार्यालय	१३	१	११	१	४९७०९०००.९४०
२	प्रदेश अन्तर्गतका जिल्ला कार्यालय	६	४	१	१	२७२२७०००.०३०
३	सार्वजनिक संस्थान	२	०	२	०	४७३०९०००.७५५
	जम्मा	२१	५	१४	२	१२४२४५००१.७२५

२०८२ भाद्र २४ गते जेनजीद्वारा गरिएको आन्दोलनको क्रममा क्षति भएको सरकारी कार्यालयहरूको विवरण

सवारी साधन क्षति विवरण

क.सं.	कार्यालयको प्रकार	कार्यालय संख्या	क्षतिको प्रकार				अनुमानित क्षति रकम
			२ पाङ्ग्रे		४ पाङ्ग्रे		
			आंशिक	पूर्ण	आंशिक	पूर्ण	
१	जिल्लास्थिति संघीय कार्यालय	१८	१५	७७	३	२१	३७६८२०००.००
२	प्रदेश अन्तर्गतका जिल्ला कार्यालय	६	०	७	५	२	१५१७४८४.१६
३	सार्वजनिक संस्थान	१	०	३	०	१	११८५०००.००
	जम्मा	२५	१५	८७	८	२४	४८३८४४८४.१६

○सहीखर संवाददाता

मकवानपुर । गत २३ र २४ भदौको जेनजी आन्दोलनका क्रममा मकवानपुरमा २१ सरकारी कार्यालयहरुमा क्षति पुगेको छ । यसैगरी जिल्लामा १ सय ३४ वटा सवारी साधन जलेर नष्ट भएको तथ्याङ्कमा उल्लेख छ ।

जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार आन्दोलनका क्रममा १३ वटा जिल्लास्थित संघीय कार्यालय, ८ वटा प्रदेश अन्तर्गतका जिल्ला कार्यालय र २ वटा सार्वजनिक संस्थानमा तोडफोड तथा आगजनी भएको छ ।

जिल्लाका कुल १३ वटा संघीय कार्यालयका भवनमा क्षति पुग्दा ४ करोड ९७ लाख ९ हजार रूपैयाँ बराबरको क्षति भएको छ भने प्रदेशका ६ कार्यालयमा क्षति पुग्दा २ करोड ७२ लाख २७ हजार रूपैयाँ बराबरको नोक्सानी भएको छ । आन्दोलनले २ वटा सार्वजनिक संस्थानका भवनमा पनि क्षति पुऱ्याउँदा ४ करोड ७३ लाख ९ हजार रूपैयाँ बराबरको नोक्सानी भएको छ ।

जिल्लामा रहेका १८ वटा संघीय कार्यालय, ६ वटा प्रदेश कार्यालय र एउटा सार्वजनिक संस्थानका गरी २५ कार्यालयको १ सय ३४ वटा सवारी साधनहरु जलाएर नष्ट गरिएको कार्यालयको विवरणमा उल्लेख छ । उक्त १३४ वटा सवारी साधनमा क्षति पुग्दा ४ करोड ८३ लाख ८४ हजार रूपैयाँभन्दा बढीको नोक्सानी भएको प्रारम्भिक विवरण रहेको छ ।

जिल्लाका ५ वटा सरकारी कार्यालयका भवनमा सामान्य, १४ वटा आंशिक र २ वटामा पूर्ण क्षति पुगेको छ ।

सरकारी भवनमा क्षति पुग्दा समग्रमा १३ करोड ४३ लाख ४५ हजार रूपैयाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

३ नम्बर वडा कार्यालय इन्द्रसरोवरको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन, (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । *विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।*

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

३ नम्बर वडा कार्यालय

इन्द्रसरोवर गाउँपालिका

नर्सिङ सेवा २ घण्टा बन्द



○सहीखर संवाददाता

मकवानपुर । मकवानपुरका स्वास्थ्य संस्थाहरूमा कार्यरत नर्सहरू आन्दोलित भएका छन् । सेवाको सुरक्षा तथा तोकिएको न्यनतम पारिश्रमिकमा समानतालगायतका माग गर्दै उनीहरूले बुधबार २ घण्टा नर्सिङ सेवा बन्द गरेका हुन् ।

आन्दोलनको क्रममा अत्यावश्यक बाहेकका सेवा बुधबारदेखि १८ कात्तिकसम्म विहान २ घण्टा सेवा वन्द गरिने भएको छ । नेपाल नर्सिङ संघको राष्ट्रव्यापी आन्दोलनको आह्वान अनुसार, नर्सहरूले आफ्ना मागहरु पूरा गराउन दबाब दिँदै बिहान १० बजेदेखि १२ बजेसम्म काम रोकेर विरोध प्रदर्शन गरेको नेपाल नर्सिङ संघ मकवानपुरकी अध्यक्ष गंगा दाहालले बताइन् ।

संघको पूर्वनिर्धारित कार्यक्रमअनुसारको यो आन्दोलन दोस्रो चरण भएको उनले जानकारी दिइन् ।

१८ गतेसम्म पनि माग सुनुवाई नभए स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्यदलको प्रतिवेदनअनुसार आन्दोलनका कार्यक्रम थप गर्ने पनि अध्यक्ष दाहालले बताइन् । यसअघि गत कात्तिक ४ गतेदेखि ११ गतेसम्म मकवानपुरका नर्सहरूले हेटौंडा अस्पताललगायत जिल्लाका सबै स्वास्थ्य संस्थामा हातमा कालोपट्टी बाँधेर सेवा प्रदान गरेका थिए ।

नेपाल नर्सिङ संघले गत २ कात्तिकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा विभिन्न मागहरू राख्दै आन्दोलनका कार्यक्रम घोषणा गरेका थिए । मन्त्रालयले गत २ कात्तिकमा नेपाल नर्सिङ संघले पेश गरेको माग पूरा गर्ने सम्बन्धमा कार्यदल बनाएको थियो । अबको एक हप्ता कार्यदलको प्रतिक्रिया कुर्ने तथा माग सुनुवाइमा नभए आन्दोलनलाई थप सशक्त बनाउँदै लैजाने संघ मकवानपुर उपाध्यक्ष निर्मला ब्लोनले जानकारी दिइन् ।

नर्सहरूको आन्दोलन मुख्यतया निजी स्वास्थ्य संस्थामा कार्यरत नर्सहरूको श्रम शोषण विरुद्ध केन्द्रित रहेको बताइएको छ । निजी अस्पताल तथा शिक्षण संस्थाहरूमा कार्यरत नर्सहरूको न्यूनतम पारिश्रमिक र सेवा सुविधा सरकारी सेवामा कार्यरत सरह हुनुपर्ने माग रहेको उनले बताइन् । सरकारले नर्सहरूको न्यूनतम तलब पाँचौं तहको लागि ३४ हजार ७३० रूपैयाँ तोकेको छ । तर धेरै जसो निजी संस्थाहरूले अत्यन्तै न्यून पारिश्रमिकमा काम लगाइरहेको बताइन्छ ।

संघले दक्ष नर्सिङ जनशक्तिलाई स्वास्थ्य ऐन अन्तर्गत व्यवस्थापन गरिनुपर्ने, रात्रिकालीन वा सार्वजनिक वा चाडपर्व बिदाको दिनमा काम गरेबापत सरकारी, निजी तथा शिक्षण अस्पतालमा अतिरिक्त तथा जोखिम भत्ताको व्यवस्था गरिनुपर्ने, योग्यता र अनुभवको आधारमा स्तरवृद्धि तथा बढुवाको व्यवस्था हुनुपर्ने, ग्रेडको व्यवस्था हुनुपर्ने, औद्योगिक नर्सको व्यवस्था हुनुपर्नेलगायत १५ बुँदे मागसहित आन्दोलनको कार्यक्रम सुरू गरेको उपाध्यक्ष ब्लोनले जानकारी दिइन् ।

भदौ २४ गतेको घटना पूर्ण फौजदारी अपराध हो:अध्यक्ष कार्की

○ सहीखबर संवाददाता

मकवानपुर । जेनजी आन्दोलनका क्रममा भएका घटनाहरुको छानबिन गर्न गठित न्यायिक जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले भदौ २३ गतेको आन्दोलन र २४ गतेको आगजनी तथा लुटपाटका घटनालाई फरक फरक प्रकृतिको भएको बताएका छन् ।

उनले भदौ २४ गतेको घटनालाई आन्दोलन नभई पूर्ण फौजदारी अपराधको संज्ञा दिँदै दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिए ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा मङ्गलबार आयोजित भदौ २३ र २४ को घटनाको अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष कार्कीले आयोग आफैंले फौजदारी अनुसन्धान नगर्ने स्पष्ट पारे ।

उनले प्रहरीलाई आफ्नो कानुनी अधिकार प्रयोग गरेर अनुसन्धान गर्न आयोगले पहिले नै भनिसकेको र यसमा कुनै ढिलाइ हुन नहुने बताए ।

'२३ गतेको घटना एउटा आन्दोलनको क्रममा भयो । त्यो छुट्टै घटना हो । तर २४ गतेको घटना आगजनी, लुटपाट र डकैतीसहितको पूरै फौजदारी अपराध हो । यसमा कुनै विवाद छैन ।' उनले भने, 'यो घटना सबैले देखेको र आयोगले सोही अनुसार छानबिन गरिरहेको छ । फौजदारी कसुरको अनुसन्धान गर्ने काम नेपाल प्रहरीको हो। हामीले घटनाको समग्र छानबिन गरी दोषीमाथि अनुसन्धान र कारबाही गर्न सरकारलाई सिफारिस गर्ने हो ।' उक्त घटनाबाट भएको क्षतिको यथार्थ विवरण सङ्कलन गर्न सरकारी कार्यालय, सर्वोच्च अदालत, संवैधानिक निकाय, उद्योगी व्यवसायी र सर्वसाधारणबाट विवरण माग गरिएको



बताए । उनले क्षतिपूर्तिको दाबी प्राविधिक रुपमा प्रमाणित हुनुपर्ने उनले बताए । 'हामीले सबै क्षेत्रबाट क्षतिको विवरण माग गरेका छौं र व्यक्तिगत रुपमा पनि नोक्सानी व्यहोरेकाहरूलाई फारममार्फत आवेदन दिन भनेका छौं । घर जल्यो भनेर एक करोडको क्षति भयो भन्दैमा हुँदैन । त्यसको आधिकारिक निकायबाट प्राविधिक मूल्याङ्कन हुनुपर्छ ताकि भोलि अदालतमा पनि प्रमाण लाग्योस्,' उनले भने । आन्दोलनका क्रममा लुटिएका हतियार र जेलबाट भागेका कैदीका सम्बन्धमा वर्तमान कानुन अपर्याप्त रहेको अध्यक्ष कार्कीको भनाई छ । उक्त विषय समाधानका लागि विशेष अध्यादेश ल्याउन सरकारलाई सुझाव दिएको उनले बताए । आयोगले कुनै पनि व्यक्ति वा पक्षलाई हेरेर नभई निष्पक्ष रुपमा काम गर्न प्रतिबद्ध रहेको अध्यक्ष कार्कीले बताए। 'भ्रष्टाचारी हो भन्दैमा कसैको घर जलाउन पाइँदैन। अपराधी हो भनेर हामी आफैंले काट्न मार्न पनि पाइँदैन । त्यसका लागि कानुन छ । कानुनबमोजिम कारबाही हुनुपर्छ,' उनले भने ।

उच्च मनोबल राख्ने गरी प्रहरीलाई काम गर्ने वातावरण बनाउन र उनीहरूले गरेका सही कामलाई सबैले समर्थन गर्नुपर्ने उनले बताए । आयोगले घटनासँग सम्बन्धित प्रमाण भए उपलब्ध गराएर सहयोग गर्न पनि सबैलाई अध्यक्ष कार्कीले अपिल गरे ।

स्वच्छ, सफा खानेपानी तथा वातावरणीय सरसरसफाइ सम्बन्धी

जनहितकारी सन्देश पढौं, सोचौ तथा व्यवहारमा अवलम्बन गरी असल नागरिकको परिचय दिऔं । सावुन पानीले अनिवार्यरूपमा हातधुने बानी बसालौ ।

☐ चर्पीको प्रयोगपछि,
☐ खाना बनाउनु, पस्कनु, खानु र खुवाउनु अघि,
☐ कुनै फोहोरकुरा विषादी छोएपछि,
☐ बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि,
☐ खानेपानीको मुहान, स्रोत, धारा संरक्षण तथा सफा राखौं,
☐ खुल्ला स्थानमा दिसा, पिसाव नगरौं,
☐ फोहोरमैलाको उचित व्यवस्थापन गरौं,
☐ स्वच्छ, सफा पिउने पानीमात्र प्रयोग गरौ ।
☐ घर, आँगन, उद्यान, बाटोलगायत सार्वजनिक स्थान सफा राखौं ।

शुद्धिकरण गरेको पानीमात्र पिउने गरौं

☐ उमालेर, फिल्टर गरेर, क्लोरिनहालेर, सोडिस गरेर मात्र पिउने गरौं ।
☐ खानेपानीको टँकीमा ब्लीचिङ पाउडर नियमित प्रयोगगर्ने गरौं ।
☐ सुरक्षित पिउने पानी प्रयोग गरी झाडा पखाला, आँउ, रगतमासी, हैजा, जुका,म्यादेज्वरो, कमलपित्त, हेपाटाइटिस 'ए' आदि जस्ता रोगबाट बचौं ।
☐ सिंचाइ गरौं, उत्पादन बढाऔं, गरिवी घटाऔं ।
☐ बाढी, पहिरो, भूक्षय र डुवान जस्ता जल उत्पन्न प्रकोपबाट बच्न आवश्यक सावधानी अपनाऔं ।

स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔं, असल नागरिक बनौं

१० नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

स्वच्छ शहर: स्वस्थ्य शहर

❖ धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
❖ सवारी साधनको समयसमयमा मर्मत सम्भार गरौं,
❖ तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
❖ करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं, सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
❖ स्वच्छ पानी र सरसफाईमा ध्यान दिऔं,
❖ ध्वनि र वायु प्रदुषण कम गरौं,
❖ सडकको समयसमयमा मर्मत संभार गरौं,
❖ सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौ, सुन्दर बनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड